नेपाल दूरसञ्चार प्राधिकरण
जमल, काठमाडौं

प्रेस विज्ञप्ति

नेपाल दूरसञ्चार प्राधिकरणबाट इन्टरनेट (इमेल सहित) सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त तपशिल बमोजिमका सेवा प्रदायकहरुले प्राधिकरणबाट जारी गरिएको अनुमतिपत्रको शर्त विपरित हुने गरी कार्य गरेको पाइएकोले निजहरुलाई दूरसञ्चार ऐन, २०५३ को दफा ४७(१) बमोजिम रु. ५०,०००|- (अक्षेरुपी पचास हजार रुपैयाँ मात्र) जरिवाना गर्ने, उक्त कार्यबाट कुनै ग्राहकलाई हानी नोक्सानी हुन गएको रहेछ भने त्यस्ता ग्राहकले माग गरेको खण्डमा हानी नोक्सानीको बिगो वा सो वापत क्षतिपूर्ति समेत दिलाई भराई दिने र प्राधिकरणबाट स्वीकृत नगराई सञ्चालन गरिएका इन्टरनेट सेवाका प्याकेज/शुल्क तत्काल बन्द गरी प्राधिकरणलाई जानकारी गराउन निर्देशन दिने निर्णय भएको छ |

साथै नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सम्पूर्ण दूरसञ्चार सेवा प्रदायकहरुले दूरसञ्चार सेवाको प्याकेज/शुल्क अनिवार्य रुपमा प्राधिकरणबाट स्वीकृत गराएर मात्र लागू गर्ने तथा प्राधिकरणबाट स्वीकृत भएका शुल्क सार्वजनिक सूचना मार्फत प्रकाशित गर्ने व्यवस्था मिलाउन सम्बन्धित सबै सेवा प्रदायकहरुलाई निर्देशन दिईएको छ |

तपशिलः

सि.नं.	इन्टर्नेट सेवा प्रदायक
१	श्री नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, भद्रकाली, काठमाडौं
२	श्री आई. जोन प्रा. लि., उर्लाबारी, मोरङ
३	श्री चित्रवन युनिक नेट प्रा. लि., भरतपुर, चितवन
४	श्री स्काइ ब्रोडब्याण्ड प्रा. लि., सुन्धारा, ललितपुर
५	सजिलो नेट प्रा. लि., तहाचाल, काठमाडौं
६	कनेक्ट नेपाल नेटवर्क प्रा.लि., थसिखेल, ललितपुर

मिन प्रसाद अर्याल
प्रवक्ता
२०८३/०६/३०